# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, कात्तिक १२ गते २०४२ साल (संख्या २८


## भाग ३

श्री ५ को सरकार

### रक्षा मन्त्रालयको सूचना

**शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा) छैठौं संशोधन नियमावली, २०४२**

शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा) नियमावली, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, .

सैनिक ऐन, २०१६ को दफा ११ र १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "शाही नेपाली सेना (निवृत्तभरण, उपदान, र अन्य सुविधा) (छैठौं संशोधन) नियमावली, २०४२" रहेको छ ।

(२) यो नियमावली २०४१ साल माघ ५ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा) नियमावली, २०३३ को नियम ११ क. मा संशोधन : शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा) नियमावली, २०३३ को नियम ११ क. को, –

(१) उप-नियम (१) मा रहेको "पाँच लाख रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "सात लाख पचास हजार रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको छ :–

"(२) उप-नियम (१) बमोजिम खटिई जाँदा आफ्नो कर्तव्य पालन गर्दा गर्दै कुनै सैनिक जवान दुर्घटनामा परी अशक्त भएमा निजलाई संयुक्त राष्ट्र-संघद्वारा प्राप्त भएको रकममध्येबाट देहायको अवस्थामा देहायबमोजिम अशक्तवृत्ति दिइनेछ :–

| अशक्तताको किसिम | अशक्तवृत्ति |
|---|---|
| (क) स्मरणशक्ति हराएमा वा विक्षिप्त भएमा | – चार लाख पचास हजार रूपैयाँ |
| (ख) दुवै आँखा गएमा | – चार लाख पचास हजार रूपैयाँ |
| (ग) एक आँखा गएमा | – दुई लाख पच्चीस हजार रूपैयाँ |
| (घ) दुवै हात गएमा | – चार लाख पचास हजार रूपैयाँ |
| (ङ) एक हात गएमा | – दुई लाख पच्चीस हजार रूपैयाँ |
| (च) दुवै खुट्टा गएमा | – चार लाख पचास हजार रूपैयाँ |
| (छ) एक खुट्टा गएमा | – दुई लाख पच्चीस हजार रूपैयाँ |
| (ज) बहिरो भएमा | – एक लाख पचास हजार रूपैयाँ |

तर यस उप-नियमबमोजिम दिइने अशक्तवृत्ति चार लाख पचास हजार रूपैयाँभन्दा बढी हुनेछैन ।"

(३) उप-नियम (३) मा रहेका "दुई लाख रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "तीन लाख रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

(४) उप-नियम (३) पछि देहायको उप-नियम (३क) थपिएको छ:–

"(३क) उप-नियम (१), (२) र (३) बमोजिम दिइने मृतक विशेष भत्ता र विशेष अशक्तवृत्तिबापतको रकममा प्रत्येक वर्ष दश प्रतिशतका दरले वृद्धि हुनेछ र उप-नियम (२) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित रकमको हदमासमेत प्रत्येक वर्ष दश प्रतिशतका दरले वृद्धि हुनेछ ।"

(५) उप-नियम (५) मा रहेको "प्रत्येक वर्ष" भन्ने शब्दहरूको सट्टा "साधारणतः प्रत्येक पाँच पाँच वर्षमा" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
मुकुन्दशम्सेर थापा
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ३०२